स्थानीय सरकार

# घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

पं. स. ०८१/८२
च. नं ३६९८

मितिः२०८१/११/१९

विषयः परिपत्र सम्बन्धमा।

श्री सवै वडा कार्यालयहरु
घोराही उपमहानगरपालिका दाङ।

घोराही उपमहानगरपालिकाको महिला, बालबालिका तथा सामाजिक विकास शाखाको आयोजनामा मिति २०८१/११/१३ गते बसेको लैङ्गिक हिंसा निवारण नगर स्तरिय समन्वय समितिको बैठक तथा कार्ययोजना निर्माण सम्बन्धि अन्तरक्रिया कार्यक्रममा तपसिल वमोजिम निर्णय भएको हुँदा सोही अनुसार गर्न गराउनु हुन अनुरोध छ।

तपसिलः

१. घोराही उपमहानगरपालिकालाई सन २०२६ भित्र लैगिक हिंशा नियन्त्रित नगर घोषणा गर्ने प्रयोजनका लागि विज्ञहरुद्वारा निर्माण गरिएको एक वर्षे वडा तथा नगर स्तरीय कार्ययोजना पारित गर्ने।

२. लैगिक हिंशा नियन्त्रित नगर घोषणाका लागि आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटमा नगर, सबै वडा र शाखा, महाशाखाले लैगिक हिंशा नियन्त्रण सम्बन्धी कार्यक्रमको लागि लैंगिकमैत्री बजेट विनियोजन गर्ने र कार्ययोजना अनुसार वडाले कार्यक्रम संचालन गर्ने। साथै पालिकाका शाखा/महाशाखाले समेत गर्ने।

३. रेडियो तथा पत्रपत्रिकामा प्रचार प्रसार र माइकिङ जस्ता अन्य नियमित कार्यक्रमहरु निरन्तर रुपमा सम्वन्धित शाखाले गर्ने।

४.११५औं अन्तर्राष्ट्रिय महिला दिवस ( ८ March २०२५/ २४ फागुन २०८१) साझा अभियानका रुपमा मनाउने सन्दर्भमा विगत वर्षहरुमा जस्तै वर्ष वडाका सवै दिदी वहिनी र वास्तवीक लक्षित वर्गको पहुँचका लागि घोराही उपमहानगरपालिकाको १९ वडामा वडा स्तरीय संघ संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रमहरु आयोजना गरी अन्तर्राष्ट्रिय, राष्ट्रिय नारा **<u>TO ALL WOMEN AND GIRLS: RIGHT, EQUALITY AND EMPOWERMENT,</u>** **"सवै महिला तथा बालिकाको लागिः अधिकार, समानता र सशक्तीकरण"** भन्ने नाराका साथ वडा स्तरमै भव्यताका साथ मनाउने र सम्वन्धीत शाखा तथा पालिका स्तरीय समितिवाट अनुगमन र निमन्त्रण भएको वडामा सहभागीता जनाउने निर्णय गरियो।

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत